नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौ
फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-स्था.त.स.शा./जानकारी/फा.नं.३/२०७६/७७ मितिः- २०७६/१२/०९

चलानी नं.:- ३९४

विषयः- निर्णय सम्बन्धमा।

श्री श्री स्थानीय तहहरु, (सबै) ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. भ्र.नि./५२१/५६४०, मिति २०७६/१२/०३ को निर्णय सम्बन्धी प्राप्त पत्र र निर्णय संलग्न छ । सो सम्बन्धमा थप व्यहोरा पत्रबाट अवगत गर्नुभई आवश्यक सहयोग र समन्वयको लागि आदेशानुसार अनुरोध छ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

(सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

प सं ०७६/७७
च नं. भ्र.नि/५२१/५६४०

मितिः २०७६/१२/०३

विषयः निर्णय पठाइएको सम्बन्धमा ।

श्रीमान् सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

मिति २०७६/११/३० गते नेपाल सरकारका मुख्य सचिव श्रीमान् लोकदर्शन रेग्मीज्यूको अध्यक्षतामा बसेको सचिव बैठकले गरेका निर्णयहरुको छायाँप्रति यसैसाथ संलग्न राखी कार्यान्वयनका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(कृष्ण खनाल)
शाखा अधिकृत

टेलिफोन : ४२००३३८,४२११०२५,४२११०४०,४२११०३५,४२११०८०,४२११०७३ फ्याक्स : ४२११०६५,४२११०८६
इमेल : opmcmsadachar@nepal.gov.np, info@nepal.gov.np वेब साइट : www.opmcm.gov.np

निर्णयः

१. कोभिड १९ (नोबल कोरोना) विरूद्धको प्रतिकार्य सम्बन्धमा देहाय बमोजिम गर्ने:

- कोभिड १९(नोबल कोरोना)को विश्वव्यापी महामारीसँग जुध्न सार्क कन्फेरेन्सका लागि भारतका प्रधानमन्त्रीले ट्वीट मार्फत आह्वान गरेको सम्बन्धमा एक्सन टिमले आवश्यक तयारी गर्ने ।
- कोरोना भाइरस विरूद्ध जनचेतना कार्यक्रम तीव्ररुपमा सञ्चालन गर्नेगरी युवा तथा खेलकूद मन्त्रालयले कार्ययोजना बनाई प्रभावकारी रुपमा युवा परिचालन गर्ने।
- कोरोना सम्बन्धी गतिविधि सम्बन्धमा एक्सन रुमको प्रयोग गरी आवश्यकता अनुसार दैनिकरुपमा प्रदेशका प्रमुख सचिवहरुसँग संवाद गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अद्यावधिक जानकारी लिने।
- प्रदेश सरकारले प्रदेशमा न्यूनतम पाँचवटा ICU र दशवटा Isolation Bed को व्यवस्था गर्ने।
- विदेशबाट आएका नेपालीले प्रोटोकल बमोजिम आचरण गरे, नगरेको निगरानी गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहसँग समन्वय गरी प्रवन्ध मिलाउने ।
- गृह मन्त्रालयले सीमा क्षेत्रमा सुरक्षाकर्मीको गस्ती बढाई मानिसको आवतजावतको निगरानीलाई प्रभावकारी बनाउने।
- कोरोना विरुद्धको पूर्वतयारी तथा विपद्पश्चातको कार्य समेतलाई मध्यनजर गर्दै आवश्यक प्रविधि, जनशक्ति र स्रोत साधनको प्रबन्ध गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समन्वयात्मक रुपमा कार्य गर्ने ।
- सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले अन्य मन्त्रालय/निकायसँगको समन्वयमा आमसञ्चार माध्यम मार्फत सकारात्मक समाचार सम्प्रेषण गर्ने व्यवस्था मिलाई जनमानसमा भयको वातावरण हुन नदिने र घरघरमा आवश्यक सतर्कता अपनाउन आग्रह गर्ने।
- कोरोना विरुद्ध उच्च आत्मबलकासाथ आफ्नो सामर्थ्यमा विश्वास राखेर, एकताबद्ध भई, काम कारवाहीमा एकरुपता कायम हुनेगरी, केन्द्रदेखि स्थानीय तहसम्म साधन स्रोत र जनशक्ति परिचालन गरी संङ्कटमाथि सँधै विजय हासिल गर्ने हाम्रो गौरवपूर्ण इतिहासलाई निरन्तरता दिन प्रयास गर्ने ।

२. विकास आयोजना र सेवाप्रवाह सम्बन्धमा देहाय बमोजिम गर्ने:

- विकास आयोजनालाई अनियमितता, अपचलन र विचलन आउन नदिई निरन्तरता दिने।
- प्रभावकारी सेवा प्रवाह सुचारु राख्दै कोरोना विरुद्धको सचेतना बढाउनेतर्फ प्रयास केन्द्रित गर्ने।

३. आ.व. २०७७/७८ को नीति तथा कार्यक्रमका सम्बन्धमा देहाय बमोजिम गर्ने:

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहका अठोट, प्रतिज्ञा र दृढतालाई समेट्ने गरी नीति तथा कार्यक्रमको मस्यौदा तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले एक्सन रुमको माध्यमबाट प्रदेशका प्रमुख सचिवहरुसँग अन्तरक्रिया गरी प्रदेश सरकारका अठोट, प्रतिज्ञा र दृढतालाई समेट्ने गरी नीति तथा कार्यक्रमको मस्यौदा तयार गर्ने।
- राष्ट्रिय योजना आयोगले चालू पन्धौं पञ्चबर्षिय योजना समेतका आधारमा क्षेत्रगत नीति तथा कार्यक्रममा समेट्नुपर्ने विषयहरुको पृष्ठपोषण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्धारित समयभित्र उपलब्ध गराउने ।

मुख्य सचिव